| | | | | |
|---|---|---|---|---|
| ३. | राष्ट्रिय अभिलेखालय | रा.प.तृ. | रिप्रोग्राफर | श्री वसन्तकुमार चित्रकार |
| ४. | पुरातत्व विभाग | " | छविकार | श्री गोविन्द घिमिरे |
| ५. | " | " | " | श्री जनार्दन ढुंगाना |
| ६. | प्रेस सूचना विभाग | " | फोटोग्राफर | श्री मंगलमोहन श्रेष्ठ |
| ७. | " | " | " | रिक्त |
| ८. | " | " | डार्करूम अधिकृत | श्री सुरेन्द्रराज भट्टराई |
| ९. | " | " | मुद्रण अधिकृत (ब्लकमेकर) | रिक्त |

आज्ञाले,
रमेशजंग थापा
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको सूचना

श्री ५ को सरकारले हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६ को नियम ३.१.१. ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देहाय-बमोजिमको "त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा समिति" गठन गरेको छ ।

१. विमानस्थल प्रबन्धक, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय– अध्यक्ष
२. प्रमुख, विमानस्थल भन्सार कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल– सदस्य
३. प्रमुख, त्रिभुवन विमानस्थल सुरक्षा गार्ड– "
४. प्रमुख, अध्यागमन शाखा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल– "
५. प्रमुख, नेपाल जनसम्पर्क शाखा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल– "
६. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा तैनाथ रहेको शाही नेपाली सेनाको इकाईका पति– "
७. फासिलिटेशन कमिटिका प्रतिनिधि– "
८. वायुयान सञ्चालक समितिको प्रतिनिधि– "
९. प्रमुख, विमानस्थल हवाई सुरक्षा शाखा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय– सदस्य-सचिव

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२२

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी आवास तथा भौतिक योजना मन्त्रालयले झिकाएको निम्न विवरणका १।१ थान उपकरणहरूको पैठारीमा लाग्ने भन्सार महशूल र बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

विवरण

१. एम. बी. यू.–कम्प्याक्ट ग्रेडर, मोडेल जी. ५० ए. (अलव्हील ड्राइम) सी. आई. एफ. काठमाडौं मूल्य डी. एम. १४०,३७६,५०
२. मोडेल ३ वाई ८–१० फ्ल्याट रोलर सी. आई. एफ. काठमाडौं मूल्य यू. एस. डलर १३३८३
३. कोमात्सु बुलडोजर मोडेल डी. ५० ए–१७ सी. आई. एफ. काठमाडौं मूल्य जापानी यान ६१,६१,४००

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।